अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	सुन्दर भट्टराई, मुना अधिकारी, भट्टराई, उत्सुक भट्टराई र प्रेरिका भट्टराई (मुद्दा नं. ०७९-CR-०१३२) फैसला मिति मितिः२०८१ /०२/२९	गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।	• प्रतिवादी सुन्दर भट्टराईले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.१,१५,२९,१९३।७१ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हुन र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद तथा जरिवाना हुन साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको उक्त बिगो जफत हुन माग दावी लिई आरोप पत्र दायर गरिएको देखिन्छ। • प्रतिवादी सुन्दर भट्टराईले आफ्नो श्रीमती प्रतिवादी मुना अधिकारी, भट्टराई एवं एकासगोलका छोरा उत्सुक भट्टराई, छोरी प्रेरिका भट्टराईको नाममा गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ती राखेको देखिएको हुँदा निजहरुको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोप पत्र दायर गरिएको ।	• प्रतिवादी सुन्दर भट्टराईको जाँच अवधिको व्यय रु.२,८१,४०,१०७।०७ रहेकोमा निजको वैधानिक आय जम्मा रु.२,६६,६५,९३७।५४ मात्र देखिएको प्रतिवादीले रु.१४,७४,१६९।५३ (चौध लाख चौहत्तर हजार एक सय उन्नसत्तरी रुपैयाँ त्रिपन्न पैसा) बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको देखिँदा प्रतिवादी सुन्दर भट्टराईले आरोपित कसुर गरेको पुष्टि भएको र बिगो रु.१४,७४,१६९।५३ मात्र कायम भई निज प्रतिवादी सुन्दर भट्टराईलाई ३ महिना कैद र कायम बिगो बमोजिम जरिबाना हुने र बिगो बराबरको सम्पत्ति जफत हुने ठहर्छ ।	**मुद्दाको संक्षिप्त तथ्यः**- यातायात व्यवस्था कार्यालय, सुकेधारा, काठमाडौंका तत्कालीन कार्यालय प्रमुख उपसचिव सुन्दर भट्टराई उपर घुस/रिसवत मुद्दामा मिति २०७४।१२।०६ मा विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर भएको र निजले लाइसेन्स बेच्नेदेखि विदेशी लाइसेन्स नेपालीकरण गर्दा नक्कली कागजात तयार गर्दा लाखौं रकम लिने गर्नुका साथै काठमाडौंका विभिन्न ठाउँमा घरघडेरी किनेको र स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरेकोले छानविन गरिपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा निज सुन्दर भट्टराई खरिदार पदमा २०३८/०४/०१ मा नियुक्ति भई विभिन्न कार्यालयमा कार्यरत रही यातायात व्यवस्था कार्यालय, चाबहिल काठमाडौंमा रा.प.द्वितीय श्रेणीमा कार्यरत भएको अवस्थामा निज प्रतिवादी उपर मिति २०७४।१२।०६ मा घुस/रिसवत मुद्दा दायर भई निलम्बन भएको र मिति २०७७।१०।१० देखि अनिवार्य अवकास पाएको देखिई सो अवधी सम्ममा सार्वजनिक सेवामा रहँदा निज तथा निजको एकाघरको परिवारले आर्जन गरेको वैधानिक आय रु.१,९२,०१,९२२.३४ रहेको र खर्च तथा लगानी गरेको व्यय रु. ३,०७,३१,११६।०५ देखिएकोले निज प्रतिवादी सुन्दर भट्टराईले गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको रु.१,१५,२९,१९३।७१ (एक करोड पन्ध्र लाख उनन्तिस हजार एक सय त्रियानब्बे रुपैयाँ एकहत्तर पैसा) सम्पत्ति समेत आफ्नी एकासगोलकी पत्नी मुना अधिकारी भट्टराई एवं एकासगोलका छोरा उत्सुक भट्टराई, छोरी प्रेरिका भट्टराईको नाममा राखेको देखिएको हुँदा निजहरु उपर भ्रष्टाचार कसूरमा विशेष अदालत समक्ष मुद्दा दायर भएको देखिन्छ। • **विशेष अदालतबाट भएको फैसलामा यी प्रतिवादीको आय व्ययको स्थितिको मूल्याँकन गर्दा आय तथा व्ययका निम्न आय व्यय शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला निम्न आधारमा त्रुटिपूर्ण देखिन्छ :** **क.** यी प्रतिवादी सुन्दर भट्टराई खरिदार पदमा २०३८/०४/०१ मा नियुक्ति भई विभिन्न कार्यालयमा कार्यरत रही यातायात व्यवस्था कार्यालय, चाबहिल काठमाडौंमा रा.प.द्वितीय श्रेणीमा कार्यरत भएको अवस्थामा निज प्रतिवादी उपर मिति २०७४।१२।०६ मा घुस/रिसवत मुद्दा दायर भई निलम्बन भएको र मिति २०७७।१०।१० देखि अनिवार्य अवकास पाएको देखिन्छ । अनुसन्धानको सिलसिलामामा निज प्रतिवादी सुन्दर भट्टराईले आयोग समक्ष पेश गरेको सम्पत्ति बिवरण, अनुसन्धानको क्रममा निज सुन्दर भट्टराई र निजको श्रीमती मुना अधिकारी समेतको बयान, बिभिन्न बैंकबाट प्राप्त बिबरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसंग सम्बन्धित बिभिन्न निकायहरुबाट प्राप्त प्रमाण कागजातहरु लगायत निज सुन्दर भट्टराईको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रवाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको व्यबस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा निज सुन्दर भट्टराईले सार्वजनिक सेवा प्रवेश गरेको मिति देखी अवकास हुँदा सम्मको अनुसन्धान जाँच अवधिको विभिन्न आ.व.हरुको आम्दानी खर्चको विश्लेषण एवं विवेचनाबाट प्रतिवादी सुन्दर भट्टराई र निजको परिवारको समग्रमा निम्न बमोजिमको आय व्यय देखिन्छः- • **<u>प्रतिवादी सुन्दर भट्टराईको आयः</u>** प्रतिवादी सुन्दर भट्टराई सार्वजनिक सेवा प्रवेश पूर्वको आय रु. ८९,२२६.३९ निजको पारिश्रमिक बचत रु. २८,८२,०९६.५६, विभिन्न कार्यालयमा रहँदाको भत्ता रकम रु. ६,०१,२६६.००, अध्ययन तथा वैदेशिक भ्रमणबाट प्राप्त आय रु. १९,१८,२९८.१६, ऋण/सापटी लिएको रु.

१०,२६,८७२.००, श्रीमती मुना अधिकारी भट्टराईको पारिश्रमिक बचत रु. ५,५५,८५७.५०, नारायण हरि भट्टराईको पारिश्रमिक बचत रु. २,४२,६०१.०५, नारायण हरि भट्टराईको निवृत्तिभरण बचत रु. ८६,५६०.६०, इन्दिरा भट्टराईको निवृत्तिभरण बचत रु. ४,५६,९९१.४५, कृषि आय रु. ९,४८,९५४.५९, घर बहाल रु. ७६,५६७.०४, जग्गा बिक्री रु. ४१,२०,१९०.९४, शेयर बिक्री रु. ३१,४०,४७९.७४, प्रेरिका भट्टराईले प्राप्त गरेको छात्रवृत्ति रकम रु. ५,००,०००.००, उत्सुक भट्टराईको कलेजबाट प्राप्त अध्ययन खर्च फिर्ता रकम रु. १,५०,०००.००, उत्सुक भट्टराईको इन्टर्नशिप आय बचत रु. ६१,१०२.०८, बीमा म्याचुरिटी रु. ५,५७,९१०.७६, विभिन्न बैंक तथा वित्तीय संस्थामा विभिन्न समयमा रहेका मुद्दति बचत ब्याजसहित फिर्ता रु. ९,९९,३६३.९५, ब्याज आम्दानी रु. ८,७६,८०९.९१ गरी **कूल रु. १,९२,०१,९२२.३४ आय** आर्जन गरेको देखिन्छ ।

- **<u>प्रतिवादी सुन्दर भट्टराईको ब्ययः</u>**

  घर निर्माणमा रु. २६,३४,५९०.६८, जग्गा खरिदमा रु. ५२,५०,०००.००, रजिष्ट्रेशन शुल्क भुक्तानीमा रु. ९३,२४५.००, सवारी साधन खरिदमा रु. ७५,४५०.००, विभिन्न कम्पनीका शेयर खरिदमा रु. १,१५,७३,७०६.००, ऋण/सापटीको साँवा ब्याज भुक्तानीमा रु. १०,३९,७६०.९७, अध्ययन खर्च भुक्तानीमा रु. ७८,७५,१७२.००, बीमा प्रिमियम भुक्तानीमा रु. ६,८९,३८१.००, विद्युतीय उपकरण खरिदमा रु. ८०,५७८.००, सूनका गरगहना खरिद तथा निर्माणमा रु. ७२,०००.००, नागरिक लगानी कोष कट्टीमा रु. ४,७६,७३४.४०, निज सुन्दर भट्टराईका एकासगोल परिवारका नाममा बैंक तथा वित्तीय संस्थामा विभिन्न समयमा रहेको मुद्दतिमा राखिएको रु. ८,७०,४९८.०० समेत गरी **कूल रु. ३,०७,३१,११६.०५ खर्च तथा लगानी** गरेको देखिन्छ।

ख. **विशेष अदालतबाट भएको फैसलामा यी प्रतिवादीको आय व्ययको स्थितिको मूल्याँकन गर्दा आय तथा व्ययका निम्न आय व्यय शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला निम्न आधारमा त्रुटिपूर्ण देखिन्छ** :

१) <u>प्रतिवादीको आय शिर्षक तर्फः</u>

क.<u>पारिश्रमिक आयः</u> प्रतिवादी सुन्दर भट्टराईको पारिश्रमिक आय निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०३८/०४/०१ देखि मिति २०७५ असार मसान्तसम्म निजको पारिश्रमिक बचत रु.**२८,८२,०९६।५६** देखिन्छ । जाँच अवधिमा मिति २०३८/०४/०१ देखि २०४०/१०/११ सम्म राष्ट्रिय योजना आयोगको सचिवालयमा ज्यालादारी तथा म्यादीमा कार्यरत रहेको अवस्थामा निजले प्राप्त गरेको पारिश्रमिक र चाडपर्व खर्च समेतमा ३०% जीवन निर्वाह खर्च कट्टा गरी ७०% बचतलाई आधार मानी गणना गरिएको र मिति २०४०/१०/१२ मा स्थायी रुपमा सेवा प्रवेश गरेपश्चात राष्ट्रिय किताबखाना (निजामती) को तलवी विवरण अनुसार निजको पारिश्रमिक गणना गरिएकोमा फैसलामा पारिश्रमिक शिर्षकमा रु.२९,७०,२३८।५६ कायम गरेको त्रुटिपूर्ण छ।

ख.<u>प्रतिवादी मुना अधिकारीको पारिश्रमिक आयः-</u> भानुभक्त मेमोरियल स्कूल, पानीपोखरीको २०१८ नोभेम्बर १४ र आरूणी सेकेन्डरी ई. बोर्डिङ्ग स्कूल, बालाजुको मिति २०७५/०७/२८ को पत्रबाट प्रमाणित भै आएको विवरण अनुसार निजले प्राप्त गरेको पारिश्रमिकमा १५% जीवन निर्वाह खर्च कट्टी गरी ८५% बचतलाई आधार मानी पारिश्रमिक आय बचत **रु. ५,५५,८५७.५०** गणना गरिएकोमा अप्रमाणित आरूणी सेकेन्डरी ई. बोर्डिङ्गबाट प्राप्त आय भनि यस शिर्षकमा रु. १७,३३,९५७।५० कायम गरिएको त्रुटिपुर्ण छ।

ग. <u>जग्गा बिक्री आयः-</u> आरोपपत्रमा सुन्दर भट्टराई र एकासगोल परिवारको नाममा रहेको जग्गा बिक्रीबापत प्राप्त हुन आएको रु. **४१,२०,१९०.९४** लाई जग्गा बिक्री आयमा गणना गरिएको छ ।मिति २०४३/९/३० मा

इन्दिरा भट्टराईले काठमाडौं जिल्ला बालाजु २क को साबिक कि.नं. २८२ को क्षेत्रफल ०-२-० को जग्गा बिक्री गरी प्राप्त रू.३८,०००.००।- क्षेत्रफल ०-३-२-० को जग्गा बिक्री गरी प्राप्त रू.१७,०००.००।- क्षेत्रफल ०-३-२-० को जग्गा बिक्री गरी प्राप्त रू. १७०००.०० र क्षेत्रफल ०-२-० को जग्गा बिक्री गरी प्राप्त रू.९,४००.०० गरी कूल रु. ८१,४००.०० हुने भएता पनि उक्त जग्गा खरिद गर्दा खरिद मूल्य रु.१,५०,०००.०० मध्ये रु. ९०,४६५.०० (खरिद मूल्यको ६०.२१%) मात्र स्रोत खुलेको हुँदा सोही प्रतिशतले हुन आउने रु. ४९०१०.९४ लाई मात्र आयमा गणना गरिएको छ । मुना अधिकारीले काठमाडौं जिल्ला गोठाटार ९,कि.नं. २१४,क्षेत्रफल १११.२७ को जग्गा रु. २१००,००० मा बिक्री गरेको भएता पनि उक्त जग्गा खरिदमा खर्च गरेको रकम रु.२१००००.०० को ५३.५८% खर्चको मात्र स्रोत खुलेको हुँदा सोही प्रतिशतले हुन आउने रु.११२५१८०.०० (बिक्री मूल्यको ५३.५८%) लाई मात्र आयमा गणना गरिएकोमा फैसलामा समग्र जाँच अवधिको आय व्यय एकमुष्ट गर्नु पर्ने भनी यस शिर्षकमा **रु.५१,२७,४००।००** कायम गरेको देखिन्छ । निज प्रतिवादीले उक्त जग्गा खरिद गर्दाको मुलधन वैध थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन । *"सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानी सम्म गैरकानुनी आर्जन हुने* (नेपाल सरकार विरुद्ध उमेशकुमार रेग्मी समेत ने.का.प.२०७२,अंक १२, नि.नं. ९५०५) *"जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रूपमा जिकीर लिइन्छ भने त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नुपर्ने* (नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का ने.का.प, २०६९, अंक ५, नि.नं. ८८३२) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर सिद्दान्त समेतका विपरित हुने गरी उक्त जग्गा खरिदको मूल श्रोत नै अवैध थियो भन्ने पुष्टि भएको अवस्थामा निज प्रतिवादीको आयमा उक्त जग्गा बिक्री तथा घर वहालबाट प्राप्त सम्पूर्ण रकमलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ ।

घ. <u>घरबहाल आयः</u> आरोप दावीमा सुन्दर भट्टराईको नामको कमलपोखरी काठमाडौंको कि.नं. १८६२ मा बनेको २.५ तले घर निर्माण गर्दा ५४.३८% बराबरको रकमको मात्र स्रोत खुलेको हुँदा उक्त घर निर्माण गर्दा भएको खर्चमध्ये स्रोत खुलेको सोही ५४.३८% बराबरको **रु. १,१७,८९५.०८४** लाई आयमा गणना गरिएको,ईन्दिरा भट्टराईको नामको कामनपा १६ बालाजु माछापोखरी स्थित कि.नं. १५१ मा बनेको घरको बहाल (मिति २०७५/८/५ मा घरबहाल कर बापत १० प्रतिशतका दरले रु. १२०,००० भुक्तानी गरेकोले सम्मत्ति मूल्याङ्कन मिति २०७५ मंसिर महिना सम्मको मासिक रु १००,००० का दरले पाँच महिनाको रु ५००,००० मा बार्षिक कर रु १२०,००० तिरेकोले उक्त कर घटाउँदा (रु.५००,०००-१२०,०००=३८०,०००) रु. ३८०,००० बचत आय भएतापनि सो जग्गा खरिद र घर निर्माण गर्दा औसतमा ५१.३२% बराबरको रकमको मात्र स्रोत खुलेकोले बहाल आय रु. ३८०,००० को ५१.३२% बराबरको रकम रु.१,९५,०१६.०० गरी **कूल जम्मा रु.३,१२,९१४.८०** मात्र बहाल आयमा गणना गरिएकोमा **फैसलामा यस शिर्षकमा जम्मा रु २२,२५,०००।**-कायम गरेको देखिन्छ।निज प्रतिवादीले उक्त जग्गा खरिद गर्दाको मुलधन वैध थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उक्त नि.नं. ९५०५, नि.नं. ८८३२ मा प्रतिपादन भएको नजिर सिद्दान्त समेतका विपरित हुने गरी उक्त घर निर्माणको मूल श्रोत नै अवैध थियो भन्ने पुष्टि भएको अवस्थामा निज प्रतिवादीको आयमा उक्त घर वहालबाट प्राप्त सम्पूर्ण रकमलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ ।

ङ. <u>कृषि आयः</u> निज प्रतिवादी सुन्दर भट्टराईले बार्षिक रुपमा नियमानुसार राष्ट्रिय किताबखाना (निजामती) मा बुझाएको सम्पत्ति विवरण फाराममा कृषि आय छैन भनी विवरण पेश गरेको भएतापनि निज प्रतिवादी सुन्दर भट्टराई र एकासगोल परिवारको नाममा रहेका जग्गाबाट कृषि आयबापत प्राप्त हुन आएको कृषि आय आयोगका वरिष्ठ कृषि अर्थ विज्ञको कृषि आय गणना प्रतिवेदन, यस आयोगमा बुझाएको सम्पत्ति विवरण

फाराम समेतको आधारमा आरोपपत्रमा यस शिर्षकमा जम्मा रु.**९,४८,९५४.५९** लाई कृषि आयमा गणना गरिएकोमा फैसलामा यस शिर्षकमा जम्मा रु १४,२३,४३१।७४ कायम गरेको देखिन्छ। बस्तुनिष्ठ आधार प्रमाण वेगर थप कृषी आय कायम गरी भएको फैसला त्रुटिपूर्ण छ।

च. **<u>वैदेशिक आयः</u>** प्रतिवादी सुन्दर भट्टराई थाइल्याण्ड, बंगलादेश, चीन, पोल्याण्ड भ्रमणमा गएको तथा नर्वे अध्ययनको क्रममा गई **रु. १९,१८,२९८.१६** आय आर्जन गरेको देखिंदा उक्त रकमलाई आरोपपत्रमा निजको आयमा गणना गरिएको र निजले निजले नेदरल्याण्ड अध्ययनमा गई रु. ७,००,०००.०० आय दाबी गरेता पनि सामान्य प्रशासन मन्त्रालयको पत्रबाट निजलाई अध्ययनमा पठाउने तथा अध्ययनका लागि मनोनयन गर्ने निर्णय सम्बन्धी कुनै पनि कागजात फेला नपरेको भनी लेखिआएको र निजले समेत सोको पेश गर्न सकेको देखिदैन । उक्त नेदरल्याण्ड अध्ययनमा गई आर्जन गरेको रकमलाई प्रस्तुत फैसलामा प्रतिवादीको जिकिर बमोजिम निजको आयमा गणना गरिएको देखिन्छ।सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध लीलाराज गौतमसमेत भएको मुद्दामा "*विदेशबाट प्राप्त भएको रकम के कसरी देशभित्र भित्रिएको हो र सो रकमको स्रोत के हो भन्नेतर्फ ध्यान नदिने हो भने अवैधानिक रकमले स्वतः कानूनी आवरण प्राप्त गर्ने हुँदा विदेशबाट रकम प्राप्त भएको भनी दाबी गर्ने पक्षले त्यस्तो रकमको स्रोतलाई पुष्टि गर्ने दायित्वबाट उन्मुक्ति पाउन नसक्ने*।"(*ने..का.प., २०६९, अंक २, नि.नं. ८७७०*) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजीर समेतको प्रतिकूल भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ।

छ. **<u>शेयर बिक्रीः-</u>** प्रतिवादी सुन्दर भट्टराईका एकासगोल परिवारले विभिन्न कम्पनीहरूका शेयर खरिदमा श्रोत पुगेको हिस्सा सम्मको शेयर बिक्रीबाट प्राप्त रकम **रु.३१,४०,४७९.७४** लाई आयमा गणना गरिएकोमा फैसलामा समग्र जाँच अवधिको व्यय तथा आयको हिसाब गरी व्ययको श्रोत पुगे नपुगेको भनी निर्णय गर्नु पर्ने भनि यस शिर्षकमा प्रतिवादीको आयमा जम्मा **रु.४३,१२,३१३।७४** गणना गरेको देखिन्छ ।निज प्रतिवादीले शेयर खरिद गर्दाको मुलधन वैध थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उक्त नि.नं. ९५०५ मा प्रतिपादन भएको नजिर सिद्दान्त समेतका विपरित हुने गरी उक्त शेयर खरिदको मूल श्रोत नै अवैध थियो भन्ने पुष्टि भएको अवस्थामा निज प्रतिवादीको आयमा उक्त घर वहालबाट प्राप्त सम्पूर्ण रकमलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ

२) **<u>प्रतिवादीको व्यय शिर्षक तर्फः</u>**

क. **<u>जग्गा खरिदः-</u>** प्रतिवादी मुना अधिकारीले काठमाडौं जिल्ला गोलढुङ्गा वडा नं. १ख मा कि.नं. १९९१, क्षेत्रफल ०-४-१-३ को खरिद गरेको लिखतमा रु.८५,०००.०० उल्लेख भएतापनि निजले निजामती किताबखानामा पेश गरेको आ.व. २०७१/७२, २०७२/७३, २०७३/७४ र २०७४/७५ को सम्पत्ति विवरणमा रु. ८,००,०००।- मा खरिद गरेको स्वीकारेको हुँदा सो जग्गाको खरिद मूल्य रु. ८,००,०००.०० कायम गरी व्ययमा गणना गरिएको, सुन्दर भट्टराईले काठमाडौं धापासी वडा नं. ३ मा कि.नं. ११५६ को जग्गा खरिद गरेको लिखतमा रु. ६,१३,०००.०० उल्लेख भएतापनि निजले निजामती किताबखानामा भरेको आ.व. २०७१/७२, २०७२/७३, र २०७४/७५ को सम्पत्ति विवरणमा र यस आयोगमा गरेको बयानमा रु. १८,००,००० मा खरिद गरेको स्वीकारेको हुँदा सो जग्गाको खरिद मूल्य रु. १८,००,०००.०० कायम गरी निजको समग्र जग्गा खरिदमा रु.५२,५०,०००.०० लाई व्ययमा गणना गरिएकोमा फैसलामा खरिदको लिखतको मूल्य बमोजिम भनि रु ३३,४८,०००।- व्ययमा गणना गरिएको देखिन्छ ।नेपाल सरकार विरुद्ध ईश्वरप्रसाद पोखरेल भएको मुद्दामा रजिष्ट्रेसनको लिखत प्राथमिक र

					विश्वसनीय आधारभूत प्रमाणका सम्बन्धमा *"अचल सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र विश्वसनीय आधारभूत प्रमाण आधिकारिक निकाय मालपोत कार्यालयबाट पारित रजिष्ट्रेसनको लिखत हो । सो **लिखतमा लेखिएको व्यहोरा अन्यथा नभएसम्म मान्नुपर्ने**"* भन्ने न्यायिक सिद्धान्त सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको छ । (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४६१) यी प्रतिवादी स्वयंले राष्ट्रिय किताबखाना (निजामती) मा बुझाएको विभिन्न बर्षका सम्पत्ति विवरण फाराममा समेत उल्लेख गरेको खरिद मूल्य तथा सो बेहोरा बयानमा स्वीकार गरेको समेतका आधार प्रमाणबाट लिखतमा उल्लेखित मूल्य अन्यथा पुष्टि भएकोमा फैसलामा लिखतमा उल्लेखित मुल्य कायम गरिएको त्रुटिपूर्ण छ। **ख. <u>घर निर्माणः</u>** प्रतिवादी सुन्दर भट्टराई र इन्दिरा भट्टराईका नाममा कि.नं. १५१र कि नं. १८६२ को जग्गामा बनेको घर मूल्याङ्कनका लागि खटिएको इन्जिनियरहरु सहित अन्य निकायका प्राविधिकहरुको टोलीले मूल्याङ्कन गरी पेश गरेको प्रतिवेदनको आधारमा उक्त २ वटा घरको निर्माण लागतमा १५% ओभरहेड खर्च कट्टा गरी कायम गरिएको **रू. २६,३४,५९०.६८** मात्र व्ययमा गणना गरिएकोमा फैसलामा पुनः ठेक्का कर र ओभरहेड खर्च भनी २०% कट्टा गरी कम व्यय कायम गरिएको त्रुटिपूर्ण छ। • अतः अतः माथि बिबेचित प्रतिबादीको तलव भत्ता, बैदेशिक अध्ययन तालिम भत्ता, घर जग्गा खरिद बिक्री, घर निर्माण लागत, घर बहाल, बैंकको तथा वित्तिय संस्थाको ब्याज, विमा, ऋण सापटी, शैक्षिक खर्च लगानी, बैंक मौज्दात समेतबाट यी प्रतिवादी सुन्दर भट्टराईले सार्वजनिक पद धारण गरेको उक्त सेवा अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा **रु.१,१५,२९,१९३।७१** बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एबं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी आरोप दावी भन्दा कम विगो रु.१४,७४,१६९।५३ मात्र कायम गरी प्रतिवादीहरुलाई सजाय दिने ठहर गरी भएको फैसला सो **कम विगो कायम गरेको हद सम्म त्रुटिपूर्ण भएकोले** प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।